**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २२ जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. मुख्यमन्त्री ममता ब्यानर्जीले डुवर्सको संरक्षित जङ्गलहरूमा पर्यटकहरूबाट सवारी साधन र व्यक्तिको आधारमा शुल्क लिइँदै आएकोमा असन्तुष्टि व्यक्त गर्नु भएको छ।
२. अलिपुरद्वारका पूर्व भाजपा सांसद तथा पूर्व केन्द्रीय मन्त्री जोन बारला पश्चिम बङ्गालकी मुख्यमन्त्रीको निमन्त्रणामा सरकारी सेवा समारोहमा उपस्थित हुनुहुनेछ।
३. मादल सम्राटको नामले प्रचलित पद्मश्री काजी सिंहको हिजो 80 वर्षको उमेरमा निधन भएको छ।
४. पश्चिम बंगाल विधानसभाको बजेट सत्र आगामी 12 फरवरीदेखि सुरु हुने सम्भावना रहेको छ।
५. धुलाबारी नेपालको रोलिङ क्लब 18 औं सुकना गोल्डकप फुटबल टुर्नामेन्टको फाइलनमा प्रवेश गरेको छ।

**मुख्यमन्त्री-निर्देश**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले डुवर्सको संरक्षित जङ्गलहरूमा पर्यटकहरूबाट सवारी साधन र व्यक्तिको आधारमा शुल्क लिइँदै आएकोमा असन्तुष्टि व्यक्त गर्नु भएको छ। आज अलिपुरद्वारमा भएको प्रशासनिक बैठकमा मुख्यमन्त्रीले राजाभातखावा जंगल लगायत अन्य संरक्षित क्षेत्रहरूमा पर्यटकहरूबाट कुनै पनि अतिरिक्त शुल्क नलिन स्पष्ट आदेश दिनुभयो। राजाभातखावा जंगलमा प्रवेश गर्ने पर्यटकहरूलाई प्रति वाहन र प्रति व्यक्ति 2 हजार 500 रुपियाँसम्म प्रवेश शुल्क लिइँदै आएको थियो। बैठकमा विधायक सुमन काञ्जिलालले मुख्यमन्त्री समक्ष यो मुद्दा उठाउनु हुदै पर्यटकहरूले आफ्नो सवारी साधन लिएर जंगल प्रवेश गर्न ठूलो रकम तिर्नु पर्ने जानकारी दिनुभयो। यसपछि मुख्यमन्त्री व्यानर्जीले असन्तुष्टि व्यक्त गर्नु हुदै "कसको आदेशमा यो पैसा लिइँदैछ? यो निर्णय कसले गर्यो?" भनी प्रश्न गर्नु भएको थियो। उहाँले अबोप्रांत पर्यटकहरूबाट अतिरिक्त शुल्क नलिइने निर्देशन पनि दिनु भयो। मुख्यमन्त्रीको आदेशपछि संरक्षित जङ्गलमा पर्यटकहरूको प्रवेश नि:शुल्क गरिएको छ।

****** ० ******

**जोन बारला**

अलिपुरद्वारका पूर्व भाजपा सांसद तथा पूर्व केन्द्रीय मन्त्री जोन बारला पश्चिम बङ्गालकी मुख्यमन्त्रीको निमन्त्रणामा सरकारी सेवा समारोहमा उपस्थित हुनुहुनेछ। उहाले यही समारोहमा उपस्थित हुनका लागि आफु दिल्लीबाट अलिपुरद्वार फर्किएको आज बाघडोग्रा विमानस्थलमा पत्रकारहरुसंग कुराकानी गर्ने क्रममा बताउनु भएको छ। उहाले मुख्यमंत्री ममता ब्यनार्जी राज्यकी संरक्षक रहेको बताउनु हुदै उनी मार्फत नै चिया बगान लगायत यस क्षेत्रको समस्या समाधान गर्न सकिने बताउनु भयो। श्री बार्लाले भन्नु भयो, बिहीबार कालचिनीको सुभाषिनी चिया बगानमा मुख्यमन्त्री ममता बनर्जीको उपस्थितिमा एक आधिकारिक समारोह हुनेछ। जसमा म पनि सामेल हुनेछु। यसका साथै उहाले मुख्यमन्त्रीको आशीर्वाद पाए विकास निर्माणको काम गर्ने पनि बताउनु भयो। भाजपा छोड्नेबारे सोधिएको प्रश्नको जवाफमा श्री बारलाले जाहा आफुले सम्मान पाउदैनन त्यहाँ बस्नुको कुनै अर्थ नरहेको बताउनु हुदै भाजपाले तराई र डुवर्सका चिया बगानहरूको लागि कुनै काम नगरेको बताउनु भयो।

****** ० ******

**काजी सिंह निधन**

लोकप्रिय अनि कालजयी गीत रचना गरेर नेपाली गीत-सङ्गीतप्रेमीहरूको हृदयमा बस्नपुगेका कालेबुङको सात माइल निवासी पद्मश्री काजी सिंहको 80 वर्षको उमेरमा निधन भयो। भारतीय गोर्खाहरूका गौरव एवम् मादल सम्राटका रूपमा चिनिने काजी सिंहको सिलगढ़ीस्थित एउटा निजी अस्पतालमा हिजो राति 11 बजी निधन भएको हो। सन् 2022 मा संगीतको संरक्षण अनि सम्वर्द्धनमा उत्कृष्ट योगदानका लागि सिंहलाई भारत सरकारद्वारा पद्मश्री पुरस्कारले विभूषित गरिएको थियो। उनको निधनमा जीटीएका प्रमुख कार्यपाल अनित थापाले गहिरो शोक प्रकट गर्नु हुदै पद्मश्री काजी सिंहको निधनको खबरले आफू मर्माहित बनेको जनाउँदै सिंह भारतीय गोर्खाहरूको गौरव रहेको बताउनु भएको छ। यसरी नै, दार्जीलिङका सांसद राजु विष्टले पनि सिंहको निधनप्रति

शोक व्यक्त प्रकट गर्नु हुदै संगीतका उस्ताद काजी सिंहले आफ्नो जीवन संगीतको सेवाका लागि समर्पित गरेको बताउनु भएको छ। यसैबीच दार्जीलिङका कंग्रेस नेता डा. मुनिष तामङले काजी सिंहको निधनप्रति दुख व्यक्त गर्नु हुदै सिंहलाई यस क्षेत्रका संगीतका आइकनको संज्ञ दिनु भएको छ।

****** ० ******

**पश्चिम बंगाल बजट सत्र**

पश्चिम बंगाल विधानसभाको आगामी बजेट सत्र यस वर्ष 12 फरवरीदेखि सुरु हुने सम्भावना छ। यो सत्र 1 फरवरीमा केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणले संसदमा केन्द्रीय बजेट प्रस्तुत गरेको ठीक 11 दिन पछि सुरू हुनेछ। यो बजेट पश्चिम बंगालकी वित्तमन्त्री (स्वतन्त्र प्रभार) चन्द्रिमा भट्टाचार्यको राज्य विधानसभा चुनाउ 2026 भन्दा अघिको अन्तिम पूर्ण बजेट हुनेछ। राज्य वित्त विभागका एक अधिकारीअनुसार यस वर्षको बजेट सत्र 7 फरवरीदेखि सुरु हुने योजना थियो। यद्यपि सत्रको सम्भावित पहिलो दिनको रूपमा 12 फरवरीलाई तय गरियो। वित्त विभागका एक अधिकारीले बजेट सत्रको तारिख अझै पनि अनिश्चित रहेको बताउनु भएको छ। अधिकारीले भन्नुभयो कि यो विधानसभा चुनाउ 2026 अघिको अन्तिम पूर्ण बजेट भएकोले,यसमा महिला र युवा कल्याणकारी योजनाहरू र अन्य योजनाहरूको लागि बजेट आवन्टन बढाउने सम्भावना छ। साथै, राज्य सरकारी कर्मचारीहरूको लागि महँगी भत्ता (DA) मा पनि वृद्धि हुने अपेक्षा गरिएको छ।

****** ० ******

**पिपल्स फोरम**

पिपल्स फोरमका सदस्यहरूले आज दार्जिलिङमा छैटौं अनुसूचीको प्रचार गर्दै व्यापक पोस्टरिङ गरेका छन्। उनीहरूले सबैलाई यस विषयमा गहन विचार गर्नका निम्ति अनुरोध गरे भने छैटौं अनुसूचि दार्जिलिङ पहाडका मानिसहरूको लागि एक मात्र सुरक्षा व्यवस्था रहेको पीपल्स फोरमका सदस्य दावा लेप्चाले बताउनु भएको छ।

****** ० ******

**तारा सुन्दास- पानी**

माकपा नेता तारा सुन्दासले पानीको विभिन्न योजनामा गुणस्तरीय काम नभएको आरोप लगाउनु भएको छ I यस मामिलामा आफुले आज कालेबुङ थानामा लिखित आपत्ति जनाएको पनि बताउनु भएको छ। उहाले जिल्लापाल कार्यलय, नगरपालिका अनि गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनबाट पानीको निम्ति राशि आवन्टन गरिए पनि जमिनी स्तरमा भने पानीको अभाव रहेको बताउनु भएको छ। यसका साथै यी समस्याहरुको चाडो समाधान गरिनु पर्ने माग पनि गर्नु भएको छ I

****** ० ******

**भागोप्रमो श्रमिक संगठन**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको भातृ संगठन हिल तराई डुवर्स प्लान्टेशन वर्कर्स युनियन खरसाङ महकुमा समितिको सभा खरसाङसथित पार्टी कार्यालयमा सम्पन्न भएको छ। भागोप्रमो खरसाङ महकुमा समितिका सचिव प्रमाण रसाईलीको विशेष उपस्थितिमा सम्पन्न भएको सभामा ट्रेड युनियनको विभिन्न क्रियाकलापहरु, भावी कार्यक्रमहरु र साथै विभिन्न समष्टिहरुमा सभा राखिने विषयमा चर्चा परिचर्चा गरिएको जानकारी प्राप्त भएको छ। सभापछि पत्रकारहरुसित कुराकानी गर्ने क्रममा हिल तराई डुवर्स प्लान्टेशन वर्कर्स युनियन खरसाङ महकुमा समितिका सभापति सागर गुरुङले ट्रेड युनियनको भावी योजनाहरु र आगामी सांगठनिक गतिविधि र सभाहरु राखिने विषयमा चर्चा परिचर्चा गरिएको जानकारी गराउनु भएको छ। उहाले ट्रेड युनियन खरसाङ महकुमा समितिको सभाहरु आगामी २६ जनवरीमा सोनादा पचेङ समष्टिमा, २७ जनवरीमा टुंगो सन्त मेरिज समष्टिमा, २८ जनवरीमा महानदी तीनधारे समष्टिमा अनि २९ जनवरीमा पंखाबारी लङ्भ्यु अम्बटे समष्टिमा सभा आयोजना गरिने बताउनु भएको छ।

****** ० ******

**वाइट अर्किड फेस्टिभल**

खरसाङमा हुन गईरहेको तीन दिवसीय खरसाङ वाइट अर्किड फेस्टिभललाई लिएर आज आयोजक समितिको सभा सम्पन्न भएको छ। खरसाङको मन्टिभियट खेल मैदानमा आगामी २४ देखि २६ जनवरीसम्म हुने वाइट अर्किड फेस्टिभलको तयारीलाई लिएर चर्चा परिचर्चा गरिएको छ। फेस्टिभलको पहिलो दिन २४ जनवरीमा उदघाटन समारोह हुने र यसको लागि

खरसाङको बस टर्मिनलदेखि सांस्कृतिक शोभायात्रा निकालेर खरसाङ बजार परिक्रमा गरेर मन्टिभियट खेल मैदानमा पुगेर सांस्कृतिक शोभायात्रा समापन गरिने भएको छ। यस तीन दिवसीय वाइट अर्किड फेस्टिभलमा सांगीतिक ब्याण्ड प्रतियोगिता, फेशन शो जसमा गोर्खा सुन्दर र मनमोहक सुन्दरी, ६० वर्ष नाघेका वयस्क महिलाहरुका लागि वाक्कथन, म्याराथन, चुंगी प्रतियोगिता, विभिन्न फिटनेस प्रतियोगिताहरु, आर्म रेस्लिङ्ग लगायत विभिन्न स्थानीय र बाहिरका चर्चित सांगीतिक टोलीको प्रस्तुति रहने भएको छ।

****** ० ******

**दलसिंहपाडा युवती मृत्यु**

अलिपुरद्वार जिल्लाको दलसिंहपाड़ा नयाँ लाइनकी २२ वर्षीय आदिवासी युवतीको शव हिजो राति 11 बजी दलसिंहपाडा चियाकमानको सेक्सनमा फेला परेपछि क्षेत्रमा सनसनी मच्चियो। आज बिहान मृतक युवतीको परिवार र गाउँलेहरूले न्यायको माग गर्दै पथ अवरोध गरे। जानकारी अनुसार, दलसिंहपाडा नयाँ लाइन निवासी 22 वर्षीय युवती हिजो बिहान 11.30 बजी घरबाट साइकल लिएर निस्केकी थिइन्। तर साँझसम्म पनि युवती घर फर्केर नआउँदा परिवारले तिनको खोजी गरे। सोही राति 11 बजीतिर कमानको एउटा सेक्सनको नालामा युवतीको शव भेटिएको थियो। शव फेला परेपछि युवतीको परिवारले युवतीको हत्या भएको आशंका व्यक्त गरेपछि हत्याको आरोपमा एक व्यक्तिलाई जयगाउँ पुलिसले पक्राउ गरेको बताइएको छ। यता, क्षुब्ध बनेका गाउँलेहरूले युवतीलाई सामूहिक दुष्कर्मपछि हत्या गरेको आशङ्का गरेका छन्। आरोपीलाई फाँसीको सजायको माग गर्दै उनीहरूले आज दलसिंहपाडा सार्क रोड अवरोध गरे।

****** ० ******

**द्वारे सरकार दार्जीलिङ**

आगामी 24 जनवरीदेखि 1 फरवरीसम्म दार्जीलिङमा फेरि द्वारे सरकार शिविर लाग्ने भएको छ। जाहा जनतालाई खाद्य साथी, स्वास्थ्य साथी, अनुसूचितजाति, जनजातिकोसर्टिफिकेट, मेधाश्री, शिक्षाश्री, लक्ष्मी भण्डारका साथै अन्य सेवाहरूको सुविधा उपलब्ध गराइन्ने भएको दार्जीलिङ नगरपालिकाका नगरपार्षद विष्णु मल्लले जानकारी गराउनु भएको छ।

****** ० ******

**मिरिक- पूर्व बीएसएफ**

मिरिकमा भूतपूर्व बीएसएफ कल्याणकारी संघ गठन गर्ने पहल शुरु गरिएको छ, जसको पहिलो बैठक आज सम्पन्न भयो I संघले पशुपतिदेखि दुधेसम्मको क्षेत्रमा रहेका पूर्व बीएसएफ कर्मचारीहरू र उनीहरूका विविध समस्याहरुको समाधान गर्ने लक्ष्य राखेको नितेन बर्देवाले बताउनु भएको छ। उहाले समिति गठन गर्न लगभग ४० सदस्यहरू आवश्यक रहेको र सम्पूर्ण पूर्व बीएसएफ कर्मचारीहरूलाई संघमा सामेल हुने आह्वान पनि गर्नु भएको छ I

****** ० ******

**मौसम**

मौसम विभागले उत्तर बंगालका जिल्लाहरूमा बाक्लो कुहिरो लाग्ने चेतावनी जारी गरेको छ। मालदा, उत्तर र दक्षिण दिनाजपुर, कुचबिहार, दार्जिलिङ, जलपाईगडी र अलिपुरद्वारमा आगामी दुई दिनसम्म बाक्लो कुहिरो लाग्ने अनुमान गरेको छ। केही ठाउँहरूमा दृश्यता २०० मिटरभन्दा कम हुन सक्ने पनि मौसम विभागले जनाएको छ। यसबाहेक दक्षिण बंगालका १२ जिल्लामा बाक्लो कुहिरो लाग्ने चेतावनी जारी गरिएको छ। कोलकाता, हावडा, हुगली, उत्तर र दक्षिण २४ परगना, पूर्वी मेदिनीपुर, वीरभूम, मुर्शिदाबाद र नादियामा भोली कुहिरो बढी प्रभावकारी हुनेछ। केही स्थानहरूमा दृश्यता ५० मिटरसम्म घट्न सक्ने मौसम विभागले जनाएको छ।

****** ० ******

**सुकना गोल्डकप**

रोलिङ क्लब धुलाबारी नेपाल 18 औं सुकना गोल्डकप फुटबल टुर्नामेन्टको फाइलनमा प्रवेश गरेको छ। आज प्रतियोगिताको पहिलो सेमिफाइल म्याच जलपाइगढ़ी पुलिस र रोलिङ क्लब धुलाबारी नेपाल -माझ सम्पन्न भएको थियो। जसमा 0 विरुद्ध दुई गोल गरेर रोलिङ क्लब धुलाबारी नेपाल फाइनलमा प्रवेश गरेको छ। म्याच अवधिभरि दुवै दलका खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गरे पनि अन्तत 2-0–को अन्तरले रोलिङ क्लब धुलाबारी नेपाल फाइनलमा पुग्न सफल बन्यो। उत्कृष्ट खेल प्रदर्शन गरेवापत रोलिङ क्लबका देवन्द्र तामांगलाई म्यान अफ द म्याच चयन गरियो I